व्यास नगरकार्यपालिकाको २०५ औं बैठक आज मिति २०८१/१०/२३ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री बिष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री सुरेश वाग्ले | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/१०/७ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: शैक्षिक मेलाको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.३: सर्वोच्च अदालतमा भएको मुद्दाको प्रतिनिधि परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.४: जग्गा वर्गीकरणको दावी गर्ने सूचना जारी गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: बहुल जातिय साँस्कृतिक महोत्सव गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: आ.व. २०८२/०८३ का लागि संघीय सरकारमा पेश गरिने समपूरक विशेष योजना सम्बन्धमा ।
प्रस्ताव नं.७: सरसफाई केन्द्रको जग्गा व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.८: शहरी शासकीय परियोजना एवं जग्गा विकास योजनाको प्रगति सम्बन्धमा ।
प्रस्ताव नं.९: कार्यालय अन्तर्गत प्राविधिक पदहरुको रिक्तता सम्बन्धमा ।
प्रस्ताव नं.१०: व्यास ५ बेतेनी क्षेत्र सेती नदी अन्तर्गतको प्रारम्भिक वातावरणीय प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.११: व्यास १० नारेश्वर तालको थप जग्गा खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१२: विपन्न आवास लाभग्राही छनौट समितिमा मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.१३: विपन्न आवास लाभग्राही छनौको वडागत संख्या तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: स्लेट ढुङ्गाखानी उत्खनन्मा आएको माटो व्यवस्थापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: नगर विकास कोषसँग भएको सम्झौता अनुसार बहुउद्देश्यीय भवन निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१६: व्यास ५ बेतेनीस्थित सेती नदीको विपद्जन्य सामग्री बिक्री सम्बन्धमा ।
प्रस्ताव नं.१७: प्रदेश लोकसेवाबाट सिफारिस भई आएका सि.डि.इ. लाई नियुक्ति दिने सम्बन्धमा ।
प्रस्ताव नं.१८: केशवटार मा.वि.मा राहत दरबन्दीमा विज्ञापन अनुमति दिने सम्बन्धमा ।
प्रस्ताव नं.१९: महाशिवरात्रीको महान पर्वहरुमा मठ-मन्दिर सरसफाई सम्बन्धमा ।
प्रस्ताव नं.२०: अभौतिक साँस्कृतिक सम्पदा सूचीकरण सम्बन्धमा ।
प्रस्ताव नं.२१: जग्गा विकास आयोजना अध्ययन सम्बन्धमा ।
प्रस्ताव नं.२२: ढुङ्गा, गिट्टी गोदाम अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.२३: जिल्ला सभाहल र मिलन केन्द्रको सटर भाडा सम्बन्धमा ।
प्रस्ताव नं.२४: जिल्ला सभा पार्किङ्ग सम्बन्धमा ।
प्रस्ताव नं.२५: नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्ने सम्वन्धमा
प्रस्ताव नं.२६: शित भण्डार सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.२७: लङ्ग टेनिसका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२८: व्यास ११ कोलढुङ्गा क्रिकेट मैदानको ढुंङ्गा बिक्री सम्बन्धमा ।
प्रस्ताव नं.:२९ अपाङ्गता कक्ष सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.३०: अत्यावश्यक विभिन्न कार्यमा विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.३१: शोक सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/१०/७ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/१०/१७ र १८ गते निर्मल मा.वि. प्राङ्गणमा भएको विद्यालय स्तरीय विद्यार्थी प्रतिभा पहिचान र शैक्षिक मेला कार्यक्रमको प्रतिवेदन शिक्षा शाखाको तर्फबाट प्रस्तुत भई बैठकमा जानकारी प्राप्त भयो । साथै प्रतिभा पहिचान र शैक्षिक मेला कार्यक्रममा सहभागी सबै विद्यालय र व्यवस्थापनमा सहयोग पुऱ्याउनु हुने निर्मल मा.वि.लाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ५ पाटन निवासी दुर्गा गुरुङ समेतले सर्वोच्च अदालतमा दिनु भएको रिट नं.०८१-WO-०६३३ निषेधाज्ञा मुद्दाको पुर्पक्ष गर्नका लागि यस भन्दा अघि वरिष्ठ आ.ले.प. अधिकृत श्री कुमार कञ्चन जि.सी.लाई प्रतिनिधि पठाइएकोमा निजलाई परिवर्तन गरी मिति २०८१/१०/२३ गतेको तारेख लिन र सो मुद्दाको पूर्पक्ष गर्न समेत यस कार्यालयका सहायक प्रशासकीय अधिकृत श्री विष्णु खड्का क्षेत्रीलाई प्रतिनिधि तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका अन्तर्गत सबै वडाहरुको जग्गा वर्गीकरणको प्राप्त प्रतिवेदनका सबै वडा कार्यालया पठाउने र यस नगरपालिकाको website मा पनि उपलब्ध गराई यस कै आधारमा सम्बन्धित जग्गाधनीहरुको कुनै दावी विरोध वा उजुरी भएमा सम्बन्धित वडामा भएको विवरण हेरी वडा कार्यालय मार्फत ३५ दिन भित्र निवेदन दिने गरी सूचना जारी गर्न घर नक्सा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आगामी २०८१ फाल्गुण ७ गतेदेखि ९ गतेसम्म प्राज्ञिक परिषद्द्वारा आयोजना गरिने बहुल जातिय साँस्कृतिक महोत्सवलाई सफल बनाउन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा संघीय सरकारको समपूरक विशेष योजना सम्बन्धित समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ बमोजिम पहिलेको समपूरक योजनाहरु फरफारक नभएसम्म नयाँ प्रस्ताव गर्न नपाइने देखिंदा ऐ. दफा ४ (८) (ज) बमोजिम निम्न क्रमागत योजनाहरुलाई प्रस्ताव गर्ने निर्णय गरियो ।

**(क) समपूरक :**

| क.सं. | योजनाको नाम | लागत ईष्टिमेट | प्राप्त रकम | प्राप्त हुन बाँकी रकम |
|---|---|---|---|---|
| १. | व्यास १-२ जोड्ने करङ्गकाठ पुल निर्माण | ६,०१,१७,३२४।- | १,३५,००,०००।- | १,६५,५८,६६२।- |

**(ख) विशेष योजनाहरु :** यस अघि प्रस्तावित भई कार्यान्वयनमा रहेका, सम्पन्न हुन नसकेका निम्न लिखित क्रमागत योजनाहरु विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ (४) बमोजिम पेश गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | लागत ईष्टिमेट | प्राप्त रकम | बाँकी रकम | प्रारम्भ बर्ष |
|---|---|---|---|---|---|
| १. | देवीडाँडा खानेपानी योजना, व्यास १० | २,०७,४४,४४६।- | ९३,२०,०००।- | १,१४,२४,४४६।- | २०७७/०७८ |
| २. | मानुङकोट खानेपानी योजना, व्यास ५ | १,४८,२४,१९३।- | १०,७०,३३६७।- | ४१,२०,८२६।- | २०७९/०८० |
| ३. | गजौडे मुल खानेपानी योजना, व्यास १४ | १,४०,२७,७१५।- | ३,७४,९२८।- | १,०२,७८,४८७।- | २०७९/०८० |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१३ को युगिन कृषि फर्मको ३९ रोपनी १५ आना जग्गाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन समेत संघीय मन्त्रालयमा प्रस्ताव पेश गरिएकोमा स्थानीयको असहमति रही जिल्ला प्रशासन कार्यालय, तनहुँ मार्फत प्रतिवेदन माग भई आएकोले जग्गा खरिद सम्बन्धी संशोधित निर्देशिका अनुसार छिटो टुङ्गोमा पुग्न सम्बन्धित निकायसँग समन्वय गर्ने निर्णय गरियो । साथै नगरपालिकाको तर्फबाट वरिष्ठ आ.ले.प. अधिकृत श्री कुमार कञ्चन जि.सी.लाई प्रतिनिधि मुकरर गरिएकोमा वहाँले बाँकी काम गर्न अनिच्छा राख्नु भएकोले धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास १० बैरेनीमा सञ्चालित जग्गा विकास योजनाको प्रगति सम्बन्धमा आयोजना प्रमुख श्री रविन्द्रलाल मूलबाट पेश गर्नु भएको प्रतिवेदनबाट निर्माण गती सन्तोषजनक रहेको, वडा नं.११, १०, ९, ७ मा निर्माणाधिन शहरी शासकीय परियोजना अन्तर्गतको

निर्माण कार्य सम्बन्धित कल्सल्टेन्टको प्रतिवेदनबाट हालसम्म करिव ११% मात्र निर्माण कार्य सम्पन्न भएको, अब बाँकी ५ महिनामा बाँकी कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य अघि बढाउन सम्बन्धित निर्माण व्यवसायीलाई अन्तिम ७ दिने पत्र दिने र सो अवधिमा पनि कार्यमा तिब्रता नदिए कानून बमोजिम कार्यबाही अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गतका केही स्वास्थ्य तर्फका प्राविधिक पदहरु एवं कार्यालय सहयोगी रिक्त भएको देखिंदा निम्न पदहरुमा करार सेवामा नियुक्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

| क.सं. | पद, सेवा, समूह, उपसमूह | तह | संख्या |
|---|---|---|---|
| १. | हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हे.ई. | सहायकस्तर पाँचौं | १ |
| २. | अ.हे.व., स्वास्थ्य, हे.ई. | सहायकस्तर पाँचौं | २ |
| ३. | ल्याव असिष्टेन्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | सहायकस्तर चौंथो | १ |
| ४. | कार्यालय सहयोगी (वडा नं. ११) | श्रेणीबिहिन | १ |

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास ५ बेतेनी क्षेत्रमा सेती नदी किनारमा बाढीबाट थुप्रिन आएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् नगरे पुनः बाढीले लैजान सक्ने हुँदा सो उत्खनन् सम्बन्धी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन पारित गर्ने र नियमानुसार प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनले उत्खनन् गर्न मिल्ने ढुङ्गा, गिट्टी, बालवा नियमानुसार खरिद बिक्री गर्ने प्रबन्ध मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास १० दुम्सीचौरस्थित नियमानुसार खरिद भएको निर्माण प्रकृया गर्दा खरिद हुन बाँकी निम्न लिखित जग्गाहरु ताल तर्फ घुस्न आएकाले स्थानीय बमबहादुर दरै, यमबहादुर दरै, खमबहादुर दरै क्षेत्रबहादुर दरै, लालबहादुर दरै, मिकबहादुर दरैको साविक फराकचौर ७/ज कि.नं. १५५, १५९, १५६, ११३, ११२, १११ को जग्गाको हाल नारेश्वर तालको कम्पाउण्ड भित्र पर्न गएका जग्गाको नाप नक्सा गरी साविक मूल्याङ्कनमा नबढ्ने गरी नियमानुसार जग्गा खरिद गर्न खरिद समिति मार्फत प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका विपन्न सुरक्षित आवास सहयोग कार्यविधि, २०८१ को दफा (५) बमोजिम लाभग्राही छनौट समितिमा कार्यपालिकाको तर्फबाट निम्न सदस्यहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।
(१) कार्यपालिका सदस्य श्री कमला घर्ती
(२) कार्यपालिका सदस्य श्री चेतबहादुर दरै

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा विपन्न आवास लाभग्राही छनौट गर्दा वडा समितिको प्राथमिकता तोकी आएका सिफारिसबाट प्रति वडा ५ जना छनौट गर्न र कुल ७० (सत्तरी) भित्रबाट बाँकी रहन आएमा लाभग्राही छनौट समितिले सिफारिस भई आएका लाभग्राहीको स्थलगत अध्ययन गरी प्रति व्यक्ति रू.५०,०००। (पचास हजार) आवास निर्माण सहयोग रकम उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० र ११ मा केही व्यवसायीहरुले आफ्नो निजी जग्गामा स्लेट ढुङ्गा उत्खनन् गरी बिकी गर्दा यस न.पा. मा व्यवसाय दर्ता गरी आर्थिक ऐन अनुसार रकम बुझाउँदै आएकोमा ढुङ्गा खानीबाट आएका माटो र गेग्रानको थुप्रोबाट वर्षाद्को समयमा अन्य बस्तीमा असर गर्न सक्ने हुँदा खाडल पुर्न वा माटो हटाउन कार्यालयको तर्फबाट सूचना दिइएकोमा निज व्यवसायीहरुले पृथ्वी राजमार्ग निर्माण आयोजनालाई बिकी गर्न अनुमति माग गरेको हुँदा ढुङ्गा खानीका खाडल पुरी बाँकी हुन आउने निजी जग्गाको माटो तथा गेग्रान बिकी सम्बन्धमा आर्थिक ऐनमा स्पष्ट व्यवस्था नभएकोले प्रति टिपर रू.१,०००। (एक हजार मात्र) (१२ घन मिटर कर सहित राजश्व न.पा.

राजश्व खातामा जम्मा गर्ने गरी बिक्री गर्न राजश्व परामर्श समितिबाट सिफारिस भई आएको हुँदा उक्त सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा गत २ वर्ष अघि नै नगर विकास कोषसँग सम्झौता भएको नयाँ बहुउद्देश्यीय भवन निर्माण कार्य विभिन्न प्राविधिक कारणले रोकिएकोमा सार्वजनिक सुनुवाई समेत गरी सकिएको हुँदा दमौली बजारको पार्किङ्ग व्यवस्थापनलाई समेत मध्यनजर गरी पूर्व डिजाइन ईष्टिमेटलाई आवश्यक परे संशोधन समेत गरी बहुउद्देश्यीय भवन निर्माण प्रकृयालाई अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास ५ बेतेनी क्षेत्रमा सेती नदी र तनहुँ हाइड्रोपावर निर्माणको क्रममा व्यास तर्फ जम्मा भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनबाट उत्खनन् गर्न मिल्ने सिमा भित्र रही ढुङ्गा, गिट्टी उत्खनन् गर्न नियमानुसार खरिदका लागि टेण्डर गर्ने र सो को जानकारी जिल्ला विपद् समितिलाई दिने गरी तत्काल व्यवस्थापन गर्न राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश पोखराको प.सं.२०८१/०८२ च.नं.६२४ मिति २०८१/१०/२३ गतेको पत्रानुसार विज्ञापन नं.९००३/२०८१/०८२ खुला तर्फ स्थानीय इन्जिनियरिङ सेवा/सिभिल समूह नवौं तहमा भरतपुर महानगरपालिका १५ चितवनका श्री विजयराज न्यौपाने सिनियर डिभिजनल इन्जिनियर पदमा नियुक्तिका लागि उम्मेदवार सिफारिस भई आएकाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ बमोजिम निजलाई १ वर्षको परीक्षण कालमा रहने गरी नियुक्ति दिई कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास १४ स्थित केशवटार मा.वि.मा रिक्त हुन गएको मा.वि. राहत दरबन्दीमा गणित विषयमा विज्ञापन अनुमति दिन व्यास नगर शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं. १९ का सम्बन्धमा छलफल हुँदा २०८१ सालको महाशिवरात्री पर्व फाल्गुण १४ गते परेकाले सबै वडाहरुमा रहेका मठ-मन्दिरहरुलाई सरसफाई, रङ्गरोगन गर्न स्थानीय टोल विकाससँग समन्वय गरी सबै वडाहरुले विशेष सरसफाई अभियान सञ्चालन गर्ने र व्यास ३ स्थित व्यास पाञ्चायन क्षेत्र, व्यास ५ स्थित पराशर क्षेत्रको सम्बन्धित वडाहरुको पहलमा मिति २०८१/११/९ गते बिहान ७:०० बजे बृहत सरसफाई अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयबाट जारी भएको अभौतिक साँस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ अनुसार “अभौतिक साँस्कृतिक सम्पदा” को सम्बन्धित जातीय समुदायसँग समन्वय गरी फाल्गुण मसान्तभित्र व्यास नगरपालिका अन्तर्गतको सूचीकरण गर्न केन्द्रमा पठाउने व्यवस्था मिलाउन व्यास नगर प्राज्ञिक परिषद्लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं. २१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४२ औं नगर सभाबाट निर्णय भए अनुसार तपसिल बमोजिमका वडा र स्थानहरुमा जग्गा एकीकरण प्रकृयाद्वारा जग्गा विकास कार्यक्रम सञ्चालन गर्नका लागि सम्भाव्यता अध्ययन गर्न नगर विकास कोषसँग सहकार्य गर्ने र उक्त अध्ययन गर्न परामर्शदाता नियुक्त गरी अध्ययन कार्य अगाढी बढाउनका लागि नगर विकास कोषलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।
(१) व्यास ५, मानहुँ पर्यटकीय ग्राम
(२) व्यास ६, शिशाघाट नयाँ शहर आयोजना

**निर्णय नं.२२:** प्रस्ताव नं. २२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अर्न्तगत मादी तथा सेती नदीको प्राकृतिक श्रोत साधन (ढुङ्गा, गिट्टी, वालुवा) नदीजन्य पदार्थ सङ्कलन तथा गोदाम गर्नका लागि अनुमति माग भएमा कार्यालयको प्राविधिक टोलीले स्थलगत निरीक्षण गरी स्थानीयस्तरमा वातावरणीय तथा अन्य कुनै

असर नपर्ने गरी कार्यालयले तोकिदिएको स्थानमा मात्र प्रति रोपनी वार्षिक रू.१०,०००। (दश हजार) राजश्व लिई अनुमति दिनका लागि राजश्व परामर्श समितिबाट निर्णय भई आएकाले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं. २३ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयको स्वामित्वमा रहेको जिल्ला सभाहल भित्र रहेको कोठा र कर्मचारी मिलन केन्द्रले प्रयोग गरिरहेको सटर कोठाको तपशिल बमोजिम न्यूनतम भाडादर कायम गरी सूचना प्रकाशन गर्नका लागि राजश्व परामर्श समितिको सिफारिस अनुसार प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क.सं. | कोठाको विवरण | न्यूनतम भाडा दर | कैफियत |
|---|---|---|---|
| १. | जिल्ला सभाहल भित्रको कोठा | १५,०००।- | |
| २. | कर्मचारी मिलन केन्द्रले प्रयोग गरेको सटर | ९,०००।- | |

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा जिल्ला सभाहलको जमिन तला भित्र रहेको सवारी पार्किङ्गका लागि तपशिल बमोजिमको न्यूनतम पार्किङ्ग शुल्क कायम गरी सूचना प्रकाशन गर्नका लागी कार्यपालिका वैठक समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

| क.सं. | विवरण | मासिक दर रू. | कैफियत |
|---|---|---|---|
| १. | कार, जिप | मासिक दर रू.२,०००। | चार पांग्रे |
| २. | मोटर साईकल, स्कुटर | मासिक दर रू.२००। | दुई पांग्रे |

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा उपर्युक्त विषयमा व्यास नगरपालिका अर्न्तगत खण्ड क मादी नदीको (चापाघाट मादी नदीको पक्की पुलदेखि कलेस्ती पुलसम्म) र मादीसेती नदीको ढुङ्गा, गिट्टी, बालुवा (निउरोघारीदेखि खहरे डाढखोलासम्म) नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्ने सम्बन्धमा थ्रेट कन्स्ट्रक्सन प्रा.लि. सिमरा बारासँग सम्झौता भई कार्यादेश समेत दिइएको अवस्थामा चर्को मूल्यमा बिक्री वितरण गरेको भन्ने उजुरी यस कार्यालयमा परेको हुँदा नियमानुसार बिक्री वितरण गर्नका लागि सम्बन्धित पक्षलाई पत्राचार गर्ने निर्णय गरियो । साथै यस नगरपालिका क्षेत्रभित्रका उपभोक्ताहरुको हितका लागि नदीजन्य पदार्थको उपभोक्ता मूल्य ३ घन मिटरको (प्रति ट्याक्टर) अधिकतम  रू.३,५००। (अक्षेरुपी तीन हजार पाँच सय मात्र) बिक्री मूल्य निर्धारण गर्नका लागि राजश्व परामर्श समितिको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०८१/०९/०७ गतेको कार्यपालिका बैठकको निर्णय नं.२६ बमोजिम व्यास न.पा. वडा नं.११ गैह्राबारीमा रहेको चिस्यान केन्द्र सञ्चालनको लागि इच्छुक कृषक समूह, कृषि सहकारी एवं अन्य सहकारी संस्थाहरु मार्फत प्रस्ताव आव्हानको लागि मिति २०८१/०९/१८ गते १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्दा कुनै पनि प्रस्ताव नपरेकोमा पुनः दोस्रो पटक २०८१/०९/२१ गते १५ दिने सूचना आव्हान गर्दा पनि कुनै प्रस्ताव नपरेको हुँदा निजी फर्म तथा उद्यमीहरुसँग समेत आवेदन माग गरी पुनः तेस्रो प्रस्ताव आव्हान गर्ने कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश टेनिस संघबाट व्यास नगरपालिकामा टेनिस कोर्ट निर्माणका लागि जग्गा उपलब्ध गराई दिन अनुरोध भई आएकाले व्यास १ निर्मल मा.वि.को समीचौतरा तर्फको आवश्यक जग्गा निर्मल मा.वि.कै स्वामित्वमा रहने गरी उपलब्ध गराई दिन हुन निर्मल मा.वि.लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास ११ फराकचौर कोलढुङ्गा क्रिकेट मैदान निर्माण गर्दा आएको ढुंङ्गालाई आर्थिक ऐन अनुसार बिक्री गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायकता कक्ष सञ्चालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा विपद्जन्य कार्य एवं अन्य विविध कार्यमा तत्काल गर्नुपर्ने भएकोले निम्नानुसार रकम निम्न शीर्षकहरुबाट उपलब्ध गराउने निर्णय गरियो ।

| सि. नं. | योजना/विपद | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | अकला बगैंचा आमा समूह कार्यालय सामाग्री खरिद | १ | ३०,०००।- | ५६ |
| २. | नमूना मार्ग अधुरो पि.सि.सि. ढलान | १ | ३,००,०००।- | ८१७ |
| ३. | हिमोफिलिया अपाङ्गता औषधी खरिद | २ | १९८,०००।- | ९३ |
| ४. | मासुपसल टायल इण्टरलक बिग्री मर्मत | ३ | ७९,०००।- | ८१७ |
| ५. | परियार जातीको नौमती बाजा खरिद | ३ | ६०,०००।- | ७७१ |
| ६. | हैरान्स क्लव खेल कार्यक्रम सहयोग | ४ | १०,०००।- | १७५ |
| ७. | चिण्टुटार दुग्ध उत्पादक सहकारी एनलाइजर खरिद | ५ | १,००,०००।- | ११८ |
| ८. | जेष्ठ नागरिक दिवाकालीन सेवा ट्रष्ट व्यवस्थापन | ५ | २,००,०००।- | ८८ |
| ९. | अपाङ्गता प्रतिमा श्रेष्ठ, अध्ययन सहयोग | ५ | १५,०००।- | ७० |
| १०. | सृजनशील आमा समूह खानेपानी पाइप मर्मत समेत | ६ | ४०,०००।- | ७७२ |
| ११. | विश्वकर्मा रसाइली बन्धुहरु भवन निर्माण | ७ | १,५०,०००।- | ७७१ |
| १२. | जलदेवी टोल (मैया, विश्व, सावित्री) सिंचाई पाइप | ८ | २६,०००।- | ७७४ |
| १३. | मञ्जु थापा, खेत संरक्षण | ९ | १,००,०००।- | विपद |
| १४. | सन्सारी मोटर मार्ग पहिरो नियन्त्रण | ९ | १,३०,०००।- | विपद |
| १५. | पशुपालन व्यवसाय चापकटर मेशिन खरिद देवका पौडेल | १० | ३७,०००।- | ११८ |
| १६. | चुडामणि उपाध्याय कृषि सिंचाई पाइप खरिद | १० | १५,०००।- | ७७४ |
| १७. | पुष्पराज पशुफर्म पाइप खरिद | १० | २४,०००।- | ७७४ |
| १८. | गौसंरक्षण तथा सरसफाई अवलोकन भ्रमण सहयोग | १० | ७५,०००।- | ५६ |
| १९. | गौतम कृषि तथा पशु फर्म सिंचाई व्यवस्थापन समेत | १० | २,००,०००।- | ११८ |
| २०. | देउराली चौतरा पुनःनिर्माण समेत | १० | २,००,०००।- | ७७० |
| २१. | लामिडाँडा अधुरो सामुदायिक भवन निर्माण | १० | १,००,०००।- | ७७१ |
| २२. | चण्डीदेवी मा.वि. अधुरो कम्पाउण्ड निर्माण | १० | १,३०,०००।- | ७७३ |
| २३. | कोलढुङ्गा क्रिकेट मैदान निर्माण | ११ | ४००,०००।- | ७७५ |
| २४. | मान्केटारी कुलो सिंचाई | ११ | २,००,०००।- | ७७४ |
| २५. | सुदिप कैनी घर संरक्षण पैह्रो नियन्त्रण | ११ | ४०,०००।- | विपद |
| २६. | भालुखोला बेलौतीगैरा खानेपानी पुल संरक्षण | १३ | ३०,०००।- | ७७२ |
| २७. | सिस्नेपानी मुल टंकी निर्माण पाइप खरिद (पूर्व निर्णय संशोधन) | १३ | ४०,०००।- | ७७२ |
| २८. | रिस्ती विकास समाज तनहुँ एक पृथक पर्यटकीय गन्तब्य अन्तरर्क्रिया | | ५०,०००।- | ३७ |
| २९. | प्रेस चौतारी नेपाल अधिवेशन सहयोग | | २०,०००।- | ३७ |
| ३०. | हिपत मासिक विज्ञापन सहयोग | | १०,०००।- | ३७ |
| ३१. | नेपाल कपडा तथा सिलाई व्यवसायी संघ | | १,००,०००।- | ९८ |
| ३२. | अमरराज नहर्की पत्रकारिता अध्ययन | | ४०,०००।- | ३७ |
| ३३. | प्याराग्लाइड व्यवसायिक प्रवर्द्धन सहयोग | | २५,०००।- | १२६ |
| ३४. | रेडियो देवघाट सहयोग | | २५,०००।- | ३७ |
| ३५. | जिल्ला खेलकुद विकास समिति, राष्ट्रपति रनिङ्गशिल्ड व्यवस्थापन | | १,५०,०००।- | १०१ |
| ३६. | रिसेड कार्यक्रम सहयोग | | २,००,०००।- | ९३ |

| | | | | |
|---|---|---|---|---|
| **३७.** | सोविता धिताल, घर निर्माण सहयोग (पूर्व निर्णयमा थप ११) | | ५०,०००।- | ८०१ |
| **३८.** | मेयरकप भलिवल प्रतियोगिता व्यवस्थापन | | २,२०,०००।- | १०१ |
| **३९.** | मेयरकप व्याडमिण्टन व्यवस्थापन | | २,००,०००।- | १०१ |
| **४०.** | राष्ट्रपति रनिङ्गशिल्ड व्यास नगरपालिका खेलाडीहरुको व्यवस्थापन | | २,००,०००।- | १०१ |
| **४१.** | कलेस्ती पौडेल बन्धु कोप्चेपानी पौडेलद्वारा निर्मित भवन संरक्षण | | १,००,०००।- | ७७१ |
| **४२.** | अपेक्षा थापा, उपचार सहयोग (प्रदेशस्तरीय खेलाडी) | १४ | २५,०००।- | ४८ |
| **४३.** | बरबोटे चोकेखोल्सी नाला निर्माण | ५ | १,५०,०००।- | ८१७ |

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका पूर्व कार्यपालिका सदस्य श्री शशी आचार्य र पूर्व सल्लाहकार श्री भैरव कैनीको हालसालै दुःखद निधन भएकाले हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

***